बैठक संख्या: ८।२०८३-२०८४
बैठक मिति:२०८३।०६।१४ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०६।१४ गते बुधबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा.वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बासुदेव माझी | का.वा. वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री विरेन्द्र सिग्देल | नि. प्रमुख प्रशासकीय अधिकृत | |

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| २ | श्री मुना पोखरेल | प्रशासन शाखा | |
| ३ | श्री सागर [illegible] | योजना शाखा प्रमुख | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |



CamScanner

बैठक संख्या: ८।२०८३-२०८४
बैठक मिति:२०८३।०६।१४ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु.**

१.प्रस्ताव नं. १: योजना कार्यान्वयन सम्बन्धमा।

२.प्रस्ताव नं. २: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. MIT।१८२, मिति २०८३।०५।११ गतेको प्राप्त पत्रानुसार हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा उच्च सुरक्षा जोखिम रहेको भनी पत्राचार भएको तथा उक्त पत्रमा प्रणाली पुनः सञ्चालनमा नआएसम्मका लागि हार्डकपीमार्फत ठेक्का प्रक्रिया अगाडि बढाउन सकिने व्यहोरा उल्लेख भएकाले सोहीबमोजिम योजनाहरू कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.२(क)**

रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको संयोजकत्वमा मिति २०८३।०६।१५ गतेदेखि मिति २०८३।०६।१७ गतेसम्म अन्तरपालिका भ्रमणका लागि त्रियुगा नगरपालिका हुँदै दिक्तेल नगरपालिका, खोटाङसम्मको भ्रमण कार्यक्रम तय भएको हुँदा नगर प्रमुखज्यूको उक्त अन्तरपालिका भ्रमण स्वीकृत गर्ने साथै सचिवालयको कर्मचारी श्री निरज चौधरी लाई पेश्की स्वरूप रकम रु २५,००० भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(ख)**

झुम्का जुनियर जेसीजद्वारा Area A अन्तर्गत रहेका जुनियर जेसीज सदस्यहरूका लागि Multichapter Training सञ्चालन गरिएको तथा उक्त कार्यक्रममार्फत युवा पुस्ताको व्यक्तित्व तथा नेतृत्व विकास गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएकाले उक्त कार्यक्रमका लागि आर्थिक सहयोगबापतको रकम रू २०,०००।- आर्थिक सहयोग शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

बैठक संख्या: ८।२०८३-२०८४
बैठक मिति:२०८३।०६।१४ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ग)**

रामधुनी नगरपालिकाका तपसिलबमोजिमका विभिन्न वडाहरूमा हात्ती आतङ्क तथा आगलागीका कारण क्षति पुगेकाले उक्त क्षतिबापत देहायबमोजिमको आर्थिक सहयोग "आर्थिक सहयोग" शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिलः
१. हात्ती आतङ्कबापत — श्री सन्देश लिम्बू, रामधुनी नगरपालिका—७ — रु. १०,०००।—
२. आगलागीबापत — श्री ममुताज खातुङ, रामधुनी नगरपालिका—२ — रु. १०,०००।—

**निर्णय नं.२(घ)**

रामधुनी नगरपालिका वडा नं. ३ को च.नं. ००५०८, मिति २०८३।०६।०७ गतेको प्राप्त पत्रानुसार जीवन विज्ञानद्वारा ऊर्जा शिविर सञ्चालनका लागि खरिद गरिएको कार्पेट तथा गमको रकम प्राविधिक लागत अनुमानबमोजिम आवश्यक कागजात पूरा गरी भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.२(ङ)**

रामधुनी नगरपालिका वडा नं. २ को च.नं. ०२३५२, मिति २०८३।०३।०८ गतेको प्राप्त पत्रानुसार वडा नं. २ निवासी श्री खुशिलाल चौधरीको माग निवेदनबमोजिम निजको स्वास्थ्य उपचारका लागि रु. १०,०००।— (अक्षरेपी दश हजार रुपैयाँ मात्र) वडाको स्वीकृत बजेटबाट आर्थिक सहयोगबापत भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.२(च)**

रामधुनी नगरपालिकाको पुरानो डम्पिङ साइट व्यवस्थापन कार्य प्राविधिक लागत अनुमानबमोजिम सम्पन्न गरी आवश्यक कागजात संलग्न गरी भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.२(छ)**

रामधुनी नगरपालिकाको मुख्य कार्यालय परिसरको कम्पाउण्ड वालमा यसै नगर क्षेत्रभित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरूको चित्रकला मोखा (Painting) गर्ने कार्य प्राविधिक स्टिमेटबमोजिम सम्पन्न गरी आवश्यक कागजात पूरा भएपछि भुक्तानी दिने निर्णय गरियो ।

बैठक संख्या: ८।२०८३-२०८४
बैठक मिति:२०८३।०६।१४ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ज)**

रामधुनी नगरपालिका वडा नं. ७ स्थित अस्थायी प्रहरी बिट, पञ्चायनमा गोलघर प्राविधिक लागत अनुमानवमोजिम निर्माण गरी आवश्यक वजेट विशेष सभाबाट विनियोजन गरि अन्य आवश्यक कागजात पूरा भएपछि भुक्तानी दिने निर्णय गरियो।



CamScanner